नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

मनसुन २०८३ को अवस्था प्रतिवेदन

(२०८३ असार ५ - २०८३ असोज २८)



मिति २०८३ कार्तिक २० गते

मनसुन २०८३ को अवस्था प्रतिवेदन (२०८३ असार ५ - २०८३ असोज २८)

यस वर्षको मनसुन अवधिमा मुख्य गरी तीन वटा विपद्का घटना प्रमुख रहे, पहिलो **रसुवा-भोटेकोशी बाढी**, दोस्रो **असोज ८ गतेदेखि ११ गते**सम्मको वर्षापछिको बाढी पहिरो र तेस्रो **गोरखा-बुढीगण्डकी बाढी**।

यस वर्ष मध्य मनसुनमा रसुवा भोटेकोशीमा आएको बाढी सबैभन्दा पीडादायी रह्यो। भदौ १० गते विहान रसुवाको ल्हेन्दे खोलामा आएको भीषण आकस्मिक बाढीमा परी करिव १ हजार ४ सय ६४ जनाको मृत्यु भयो भने ७ सय २० जना विदेशी पर्यटकसहित ५ हजार २ सय ८५ मानिस बेपत्ता छन्। घटनामा परी बेपत्ता भएकाहरुको खोजी कार्यका लागि चीन, भारत, दक्षिण कोरिया, यूएई, मलेसिया, अष्ट्रेलियाबाट सुरुङ बिज्ञसहितको टोली आए। उनीहरुले खोज उद्धार तथा शवहरुको डिएनए परीक्षणमा सहयोग गरे/गरिरहेका छन्। बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँसहित ५ जिल्लाका १५ वटा स्थानीय तह प्रत्यक्ष प्रभावित भए। उक्त बाढीले पूर्वाधार क्षेत्रमा सबैभन्दा बढी नोक्सानी गर्यो। खोज तथा उद्धारका क्रममा घटना भएको १२औं दिनसम्म पनि जलविद्युत आयोजनाका सुरुङहरुबाट शवहरु निकाल्ने काम भए। उक्त बाढी मनसुनी वर्षाका कारण नभई रसुवा जिल्लास्थित लाङटाङ-लिरुङ हिमालको उत्तरी भेगमा करिब ५ हजार २ सय मिटर उचाइमा झुण्डिएको अवस्थामा रहेको हिमनदी र चट्टानी भूभाग छुट्टिएर ३८ सय मिटरको उचाइमा रहेको ल्हेन्दे हिमनदीमा बज्रिंदा उत्पन्न हिमचट्टान पहिरो (Ice-Rock Avalanche) र सोपछिको ल्हेन्दे बहाबका कारण सिर्जना भएको हो। सरकारले बाढीबाट बढी प्रभावित रसुवाको उत्तरगया, गोसाइकुण्ड, कालिका र आमाछोदिङमो गाउँपालिका, नुवाकोटको विदुर र बेलकोटगढी नगरपालिका, किस्पाङ र तारकेश्वर गाउँपालिका, धादिङको गल्छी, सिद्धलेक, गजुरी र बेनीघाट रोराङ गाउपालिका, गोरखाको गण्डकी गाउँपालिका र तनहुँको देवघाट र आँबुखैरेनी गाउँपालिकालाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो।

हाइलाइट

- यस वर्षको मनसुन ११८ दिनसम्म रह्यो।
- मनसुनजन्य विपद्बाट यस वर्ष १३३ जनाको मृत्यु, १४ जना बेपत्ता र २२७ जना घाइते। प्रत्यक्ष प्रभावित परिवार संख्या ३,५३३(रसुवा-भोटेकोशी बाहेक)।
- गत वर्षको मनसुन अवधिमा १४० जनाको मृत्यु, ३० वेपत्ता र ३०० जना घाइते। प्रत्यक्ष प्रभावित परिवार ५,९९५।
- मनसुनजन्य विपद्का घटनाबाट ७७ वटै जिल्ला प्रभावित। मृत्युको आधारमा ४५ जिल्ला प्रभावित।
- यस वर्ष मनसुनको प्रमुख घटनाः रसुवा-भोटेकोशी बाढी, असोज ८ गतेदेखि ११ गतेसम्मको भारी वर्षापछिको बाढी, पहिरो, डुबान र गोरखा-बुढीगण्डकी बाढी।
- यस वर्षको मनसुनमा सरदर नै वर्षा भयो।

रसुवा-भोटेकोशी बाढीबाट भएको क्षतिको संक्षिप्त विवरण:



गत वर्ष र यस वर्षको तुलना

मिति	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
२०८३ असार ५ – असोज २८	२६७६	१३३	१४	२२७	३५३३
२०८२ जेठ १५ – असोज २४	१४५४	१४०	३०	३००	५९९५

त्यसैगरी, बंगालको खाडीमा उत्पन्न न्यून चापीय प्रणालीका कारण **२०८३ असोज ८ गतेदेखि ११ गते**सम्म देशका विभिन्न भागमा **भारीदेखि अति भारी वर्षा** भयो। २०८३ असोज १३ गते साँझसम्म अभिलेख भएअनुसार उक्त वर्षाका कारण ३० जनाको मृत्यु भएको छ। ३ जना बेपत्ता छन् भने १५ जना घाइते भए। कुल १९२३ परिवार प्रत्यक्ष प्रभावित भएका छन्। कुल २३४ घर पूर्ण रूपमा र १५० घरहरूमा आंशिक क्षति पुगेको छ। कुल १० वटा पुलमा क्षति पुगेको छ। सरकारले रसुवा-भोटेकोशी बाढीका बेला छुटेकासहित यस अवधिका बाढी पहिरोबाट बढी प्रभावित गोरखाको सहिद लखन गाउँपालिका वडा नं ३ र ४, मनाङको चामे, नासो गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिकाको वडा नं १ र ४, म्याग्दीको बेनी नगरपालिका, अन्नपूर्ण, रघुगंगा, मंगला, धवलागिरी, मालिका गाउपालिका, बाग्लुङको ढोरपाटन र गलकोट नगरपालिका, बडिगाड, ताराखोला, निसीखोला गाउँपालिका वडा नं ४ र ६, तामानखोला गाउँपालिका वडा नं ३ र ४, पर्वतको जलजला गाउँपालिका, फलेवास नगरपालिका वडा नं २, ३, ७, ८, १० र ११, विहादी गाउँपालिका वडा नं ६, महाशिला गाउँपालिका वडा नं ५ र ६, मोदी गाउँपालिका वडा नं २ र ३, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुस्ता गाउँपालिका वडा नं ५ लाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो।

यस्तै यस वर्षको मनसुनमा अर्को दुःखदपूर्ण घटना हो **गोरखाको बुढीगण्डकी बाढी**। मनसुनको उत्तरार्धमा अर्थात असोज २५ गते बिहान गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित उडदिलुङ खोलामा हिमपहिरो गई उड्दिलुङ खोला र स्यारखोलाको दोभानमा धेरै मात्रामा एकैपटक गेग्रान जम्मा हुँदा पानीको बहाब अवरुद्ध हुने र खुल्ने भइरह्यो। त्यसपछि आएको बाढीले चुमनुब्री, धार्चे, आरुघाट र धादिङको त्रिपुरासुन्दरी गाउँपालिकाका सल्लेरी, सिर्दिबास, घट्टेखोला, पैयुम, यारुबगर, माछीखोला, तातोपानी, सोती, शान्तिबजार, विशालनगरलगायतका गरी १२१ वटा घर र एउटा विद्यालय पूर्ण रुपमा क्षति भयो। चौंरी गोठालो गएका ६ जना मानिस बेपत्ता छन्। ३ वटा जलविद्युत आयोजना र झोलुङ्गे, बेलिब्रिज र पक्की गरी १० वटा पुलमा क्षति पुग्यो। स्यारखोला नजिकका स्थानीयले बाढी आएको थाहा पाएका र सो अनुसार पूर्वसूचना तथा चेतावनी सम्प्रेषण भएकाले मानवीय क्षति हुन पाएन। सरकारले बाढीबाट प्रभावित गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिका र धादिङको त्रिपुरासुन्दरी नगरपालिकाको वडा नं १ र २ लाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो।

यस बाहेक असार २२ गते डोल्पाको जगदुल्ला गाउँपालिका-५ गैरीगाउँस्थित धुलाखोलामा लेदो र गेग्रानसहितको आकस्मिक बाढी आउदा १ जनाको मृत्यु, ४ जना घाइते भए। सात वटा घर पूर्ण क्षति, ११ घर आंशिक र १९ घर सामान्य क्षति भए। ५ घरधुरीका २३ जना बिस्थापित भए भने ३४ घरधुरीका गरी १६२ जना प्रत्यक्ष प्रभावित भए।

यस्तै साउन २७ गते **रोल्पाको थवाङ गाउँपालिका-५** मा **पहिरो** आउदा १७ जनाको मृत्यु भयो भने २ जना घाइते भए। ११ वटा घर पूर्ण रुपमा क्षति भयो २०० घर जोखिममा छन्।

यस्तै साउन २९ गते **बाजुराको त्रिवेणी नगरपालिका-९ ताम्सुमा** आएको **पहिरो**मा परी १ जनाको मृत्यु, २ जना घाइते भए। २ वटा घर पूर्ण रुपमा क्षति भयो ५८ घरधुरीका २३२ जना प्रभावित भए।

यसैगरी साउन ३० गते **जाजरकोटको बाढी पहिरो**मा परी ४ जनाको मृत्यु भयो ११ जना घाइते भए। १३ वटा घर पूर्ण रुपमा क्षति, १२ आंशिक क्षति र १६३ घर जोखिममा छन्।

पूर्वानुमानका क्रममा यसपालिको मनसुनमा सरदर भन्दा कम वर्षा हुने अनुमान गरिए पनि समग्र मनसुनको तथ्याङ्कलाई विश्लेषण गर्दा सरदर नै वर्षा भयो। मनसुनको सुरुवाती चरणदेखि असोजको पहिलो हप्तासम्म सरदर भन्दा केही कम वर्षा भए पनि असोज ८ गतेदेखि भने सरदर भन्दा बढी नै वर्षा भयो। यसरी समग्र मनसुनको वर्षाको अवस्थालाई विश्लेषण गर्दा सरदर नै वर्षा भएको देखिन्छ।


सधैका वर्षजस्तै यो वर्ष पनि मनसुन अगावै विभिन्न सरकारी निकाय, विकास साझेदार संघ संस्था र अन्य सरोकारवाला निकायसँगको समन्वयमा यस वर्षको लागि **'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३'** निर्माण गरी लागू गरियो। जसमा विपद्मा काम गर्ने सबै निकायको भूमिका स्पष्ट उल्लेख गरिएको छ। मनसुन अवधिमा उक्त कार्ययोजना अनुसार कार्य भए नभएकोबारे प्रत्येक महिना सरोकारवाला निकायसँग बैठक बसी समीक्षा गरियो।

मनसुनजन्य विपद्बाट क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचनाहरु

घर क्षति			सरकारी कार्यालय	विद्यालय	स्वास्थ्य चौकी	फड्के पुल	काठे पुल	झोलुङ्गे पुल	बेलिब्रिज/ फलामे पुल	पक्की पुल/	मोटरेबल पुल	जलविद्युत आयोजना
आशिक	पूर्ण	जोखिममा										
२९८	५७७	८६३	१४	६	२	१	५	१८	१	१७	१	६

नोटः रसुवा भोटेकोशी बाढीको क्षति समावेश छैन।


यस वर्ष मनसुनमा घटेका मनसुनजन्य विपद्का घटना र क्षति



विपद्	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
बाढी	३९६	३५	११	१७	१२७५
पहिरो	१५७४	७२	३	७१	१२७०
भारी वर्षा	५३४	४	०	२०	७६९
चट्याङ्ग	१७२	२२	०	११९	२१९
जम्मा	**२६७६**	**१३३**	**१४**	**२२७**	**३५३३**

स्रोतः विपद पोर्टल


यस वर्ष मनसुनमा घटेका विपद्का अन्य घटना र क्षति





विपद्	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
सर्पदंश	१३१७	९२	०	१२३९	१३२२
हिउँ पहिरो	४	१८	०	०	४३
आगलागी	७२३	११	०	११५	७८८
जनावर आक्रमण	२७८	१०	०	१७२	४३०
लेक लाग्नु	१९	४	०	१६	२०
हावाहुरी	८६	३	०	६	१५९
विस्फोटन	१	१	०	१	२
अन्य	५	१	०	४	५
वन डढेलो	१२	०	०	०	०
भूकम्प	९	०	०	०	२९
जम्मा	**२४५४**	**१४०**	**०**	**१५५३**	**२७९८**


बाढी, पहिरो, भारी वर्षा र चट्याङको गत वर्ष र यो वर्षको तुलना

(गत वर्ष २०८२ जेठ १५ - असोज २४ र यस वर्ष २०८३ असार ५ - असोज २८)










प्रदेशगत मनसुनजन्य विपद्का घटना र क्षति




कोशी प्रदेश
घटना संख्या ४८६
मृत्यु १०
वेपत्ता ०
घाइते ३५
प्रत्यक्ष प्रभावित परिवार ४५८




मधेश प्रदेश
घटना संख्या १०२
मृत्यु ७
वेपत्ता १
घाइते २०
प्रत्यक्ष प्रभावित परिवार ११४




बागमती प्रदेश
घटना संख्या ४९३
मृत्यु १८
वेपत्ता १
घाइते २५
प्रत्यक्ष प्रभावित परिवार ५०१



गण्डकी प्रदेश
घटना संख्या ५९४
मृत्यु ३७
वेपत्ता ८
घाइते ३१
प्रत्यक्ष प्रभावित परिवार ९४९



लुम्बिनी प्रदेश
घटना संख्या ४०५
मृत्यु ३६
वेपत्ता १
घाइते ३२
प्रत्यक्ष प्रभावित परिवार ४३७



कर्णाली प्रदेश
घटना संख्या ३१६
मृत्यु २०
वेपत्ता ३
घाइते ४८
प्रत्यक्ष प्रभावित परिवार ५७५



सुदूरपश्चिम प्रदेश
घटना संख्या २८०
मृत्यु ५
वेपत्ता ०
घाइते ३६
प्रत्यक्ष प्रभावित परिवार ४९९

प्रदेशगत विपद्का घटना र क्षति (मनसुनजन्यसहित)

प्रदेश	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
कोशी	९५५	३३	०	२७०	९९६
मधेश	६४५	५१	१	३५७	७६२
बागमती	७१३	२८	१	१२९	७४४
गण्डकी	७८३	५८	८	१५२	१२१४
लुम्बिनी	८४९	५९	१	३७४	९४३
कर्णाली	४८०	२६	३	१६३	७३१
सुदूरपश्चिम	७०५	१८	०	३३५	९४१
जम्मा	५१३०	२७३	१४	१७८०	६३३१

मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यका केही प्रमुख कार्य:

- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ तयार गरी लागु गरिएको।
- विपद्को बेला प्रभावकारी प्रतिकार्यका लागि निजी क्षेत्रका वायुसेवा संचालक संघ, नेपाल (AOAN), नेपाल ड्रोन संघ र एसोशिएसन अफ राफ्टिङ्ग एजेन्सिज् (NARA) सँग समझदारी (MoU) गरी आवश्यकता अनुसार उक्त संस्थाहरुको प्रविधि र जनशक्ति नेपाल सरकारले उपयोग गर्न सक्ने व्यवस्था गरिएको।
- विपद् सम्बन्धी सूचनालाई छिटो र प्रभावकारी रुपमा आम मानिससम्म पुर्याउन नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, सार्वजनिक सेवा प्रशारण, नेपाल (PSBN), सामुदायिक रेडियोहरुको प्रसारकहरुको संघ नेपाल (ACORAB), नेपाल पत्रकार महासंघ, नेपाल रेडक्रस सोसाइटी, यातायात व्यवसायी महासंघलगायत निकायसँग बैठक बसी सबैले आ-आफ्ना च्यानलहरुबाट विपद्का सूचना र सचेतनाका जानकारीहरु प्रभावकारी रुपमा सम्प्रेषण गरी नागरिकलाई सुसूचित गराउन सुनिश्चित गरिएको।
- ७ वटा प्रदेश, ७७ वटै जिल्ला, स्थानीय तह, विषयगत क्षेत्र (Cluster Lead, Co-Lead), संयुक्त राष्ट्र संघीय निकाय (UN Agencies), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (NPDRR), अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको छाता संगठन (AIN) लगायतसँग बेग्लाबेग्लै बैठक गरी कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिएको।
- नेपाल मौसम विज्ञान विभागको पूर्वानुमान पश्चात संभावित गाम्भीर्यलाई ध्यानमा राख्दै कलर रिङ्ग व्याक टोन (CRBT) तयार गरी नेपाल टेलिकम र एनसेलबाट बजाई सर्वसाधारणलाई सचेत गराइएको।


- रसुवा-भोटेकोशीमा बाढी आएको थाहा पाउनासाथ तल्लो तटीय क्षेत्रहरु रसुवा, नुवाकोट, धादिङ तथा चितवनको मुग्लिनसम्मका नदी तटीय बासिन्दालाई उच्च सतर्कता अपनाउन पूर्वचेतावनी SMS प्रेषित गरिएको।
- जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रको बाढी पूर्वानुमान महाशाखाबाट मनसुन अवधिभर बिभिन्न समयमा मनसुनी बर्षाले सृजना भएको बाढीको समयमा र बाढी आउनु भन्दा अघि गरि सर्वसाधारणलाई NTC मार्फत ५५,८४,८०१ र NCELL मार्फत २९,६२,०१४ गरी जम्मा ८५,४६,८१५ SMS सम्प्रेषण गरिएको।
- हरेक २४ घण्टामा स्थिति प्रतिवेदन प्रकाशन (हालसम्म नेपालीमा ३६ पटक, अङ्ग्रेजीमा २५ पटक र एकीकृत स्थिति प्रतिवेदन २ पटक)।
- स्थानीय तह/वडासम्म फोन मार्फत सम्पर्क गरी हरेक दिन रिपोर्ट कार्ड तयार गरी प्रकाशन र कार्यान्वयन गरिएको।
- नेपाल मौसम विज्ञान विभागबाट अति भारी वर्षाको पूर्वानुमान हुनासाथ परिस्थितिको गम्भिरता अनुसार प्रत्येक पटक प्राधिकरणको प्रतिकार्य शाखाबाट चौबिसैं घण्टा स्थिति अवलोकन र विश्लेषण गर्ने गरिएको र संभावित प्रभावित जिल्ला र स्थानीय तहका प्रतिकार्यकर्ता (Responders) हरुलाई वस्तुस्थितिबारे जानकारी गराउनुका साथै तयारी अवस्थामा रहन अनुरोध सहितको SMS पठाइएको।
- मनसुन अवधिभर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक २ पटक, कार्यकारी समितिको बैठक ३ पटक र मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक ३८ पटक बसेको। यसबाहेक Mobilization Team को बैठक भदौ १२ गतेदेखि हरेक दिन तथा जिल्ला मनसुन प्रतिकार्य कमाण्ड पोष्ट र सरोकारवाला निकायहरुसँग भर्चुअल माध्यमबाट पनि बैठक गरिएको।
- मनसुनजन्य विपद्मा परेकाहरुको खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालसहितका जनशक्ति र स्वयंसेवकहरु परिचालन गरिएको। घाइतेहरुलाई तत्काल अस्पताल पुर्याउने र नि:शुल्क उपचारको व्यवस्था मिलाइएको।
- विपद्का कारण अबरुद्ध भएका सडक, राजमार्ग, विद्युत, खानेपानी, स्वास्थ्य, शिक्षा, सञ्चार प्रणालीलगायतका आधारभूत सार्वजनिक सेवाहरु तत्काल मर्मत गरी सुचारु गरिएको। विपद्का घटनाबाट विस्थापित भएका परिवारहरुलाई तत्काल अस्थायी आवास निर्माणका लागि आवश्यक रकम प्रभावित जिल्लामा पठाइएको।
- बाढी, पहिरो र डुबानबाट प्रभावितहरुका लागि स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको।
- विपद्का घटनाबाट बढी प्रभावित जिल्लाहरु रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, मनाङ, म्याग्दी, बाग्लुङ, पर्वत र नवलपरासी पश्चिमका गरी ४१ वटा स्थानीय तहका केही पूरै वडाहरु र केही स्थानीय तहका केही वडाहरुलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको।

मनसुन २०८३ को सिकाइ:


- हिमताल, हिमनदी, पहिरो तथा हिमपहिरोको सम्भावित जोखिम पहिचान र अनुगमनका लागि स्याटेलाइट इमेजरी, भौगर्भिक अध्ययन र आधुनिक अनुगमन प्रविधिको विकास गर्नु पर्ने। नेपाल, चीन र भारतका सम्बन्धित सरकारी निकायबीच जोखिमसम्बन्धी तथ्याङ्क, प्राविधिक सूचना र पूर्वसूचना आदानप्रदान गर्ने एकीकृत प्रणालीको विकास गर्नु पर्ने।
- बाढीले परम्परागत जलमापन केन्द्रहरूमा क्षति पुऱ्याउन सक्ने भएकाले नदीको सम्भावित प्रभाव क्षेत्रभन्दा सुरक्षित स्थानमा उपयुक्त मापन उपकरण, सञ्चार प्रणाली र वैकल्पिक सूचना प्रवाह संयन्त्र स्थापनाको विकास गर्नु पर्ने। जोखिमसम्बन्धी सूचना समयमै प्रभावित समुदाय, स्थानीय तह, सुरक्षा निकाय तथा तल्लो तटीय क्षेत्रमा पुऱ्याउन Common Alerting Protocol (CAP), Cell Broadcasting System (CBS) मोबाइल सन्देश तथा अन्य बहुमाध्यम सञ्चार प्रणालीको विकास गर्नु पर्ने।
- आपत्कालीन अवस्थामा खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन केन्द्र, प्रदेश, जिल्ला र स्थानीय विपद् प्रतिकार्य कमाण्ड पोस्टबीच सहकार्य र समन्वयलाई थप मजबुत बनाउनु पर्ने। बहुप्रकोपीय जोखिमबाट विशिष्टिकृत संरचनाहरूमा पर्न सक्ने असरलाई प्रभावकारी रूपमा सम्बोधन गर्न आधुनिक प्रविधिको प्रयोगलाई जोड दिँदै राष्ट्रिय विपद् प्रतिकार्य कार्ययोजना (National Disaster Response Plan)को परिमार्जन एवं विकास गर्नु पर्ने।
- हवाई क्षेत्र (Airspace) को सुरक्षा तथा प्रभावकारी सञ्चालनका लागि प्राथमिकताका आधारमा खोज तथा उद्धार, जोखिम आकलन (Assessments) र राहत व्यवस्थापनका कार्यहरू अगाडि बढाउनुपर्ने। विपद् आउनासाथ परिचालन गर्न सक्ने गरी 'Drone Ops Cell' स्थापना गरी 'Drone Assessment Team' लाई पूर्ण तयारी अवस्थामा राख्नुपर्ने। सडक तथा पुल जस्ता पूर्वाधार निर्माण गर्दा बहुप्रकोपीय जोखिमको आकलन गरेर गर्नु पर्ने। विपद्का समयमा राहत, अस्थायी आश्रयस्थल, पिउने पानीलगायतको व्यवस्थापनका लागि तत्काल परिचालित हुन सक्ने गरी विकास साझेदार संघ संस्था, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था, निजी क्षेत्र, विषयगत क्षेत्रसँगको समन्वयलाई सजिलो र मजबुत बनाउनु पर्ने।

मनसुन २०८३ वर्षा विवरण:

यस वर्ष मनसुन आगमन भए देखि वहिर्गमन भएको दिनसम्म (असार ५ देखि असोज २८ गतेसम्म) मा मापन गरिएको वर्षाको नक्साः



चित्र १- यस वर्ष मनसुन आगमन भए देखि वहिर्गमन भएको दिनसम्म (असार ५ देखि असोज २८ गते सम्म) मा मापन गरिएको वर्षाको नक्सा



चित्र २- यस वर्ष मनसुन अवधिभरको १२१ वटा वर्षा मापन केन्द्रमा मापन गरिएको वर्षाको सरदरसँगको तुलना

यस अवधिको जम्मा वर्षाः **१३२०.३ मि.मि.**

यस अवधिको सरदर वर्षाः **१२९४.१ मि.मि.**

सरदर संगको वर्षाको तुलनाः **१०२.०%**

प्रदेशगत वर्षाको विवरण

तालिका १- प्रदेश अनुसार मनसुन अवधिमा मापन गरिएको औसत वर्षा र सामान्य वर्षाको तुलना

प्रदेश	स्टेशन संख्या	औसत मापन गरिएको वर्षा (मि.मि.)	औसत सामान्य वर्षा (मि.मि.)	सामान्यको प्रतिशत (%)
कोशी	२२	१२०७.५	१४०७.५	८५.८
मधेश	१३	१०१८.६	११५०.४	८८.५
बागमती	२३	१५१३.४	१३९३.२	१०८.६
गण्डकी	१६	१७९१.१	१७१६.३	१०४.४
लुम्बिनी	१६	१२६३.७	११९२.२	१०६
कर्णाली	१८	९७२.४	८२८.२	११७.४
सुदूरपश्चिम	१३	१४४३.७	१३१८.८	१०९.५

तालिका २- प्रदेश अनुसार सामान्यभन्दा माथि, सामान्य र सामान्यभन्दा तल वर्षा भएका स्टेशनको वितरण

प्रदेश	सामान्यभन्दा माथि	सामान्य	सामान्यभन्दा तल	जम्मा स्टेशन
कोशी	३	६	१३	२२
मधेश	२	३	८	१३
बागमती	११	१०	२	२३
गण्डकी	७	६	३	१६
लुम्बिनी	५	९	२	१६
कर्णाली	१४	३	१	१८
सुदूरपश्चिम	६	७	०	१३
जम्मा	४८	४४	२९	१२१

स्रोतः नेपाल मौसम विज्ञान विभाग



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३७औं बैठक

मनसुनजन्य विपदका केही तस्वीरहरु



मिति २०८३ असोज २५ गते गोरखाको बुढीगण्डकीमा आएको बाढीबाट प्रभावितहरुको उद्धार गर्दै सुरक्षाकर्मी।




मिति: २०८३ असार २१ गते डोल्पाको पहिरोमा परी घाइते भएकाको हेलिकोप्टरबाट उद्धार गर्दै सुरक्षाकर्मी



मिति: २०८३ साउन ३० गते जाजरकोटको बाढी पहिरो प्रभावितहरुको उद्धार गर्दै सुरक्षाकर्मी



मिति: २०८३ भदौ १० गतेको रसुवा-भोटेकोशी बाढीपछि चिलिमे हाइड्रोपावरको सुरुङबाट शव उद्धार गर्दै सुरक्षाकर्मी



मिति: २०८३ भदौ १० गतेको रसुवा-भोटेकोशी बाढी अघि र पछिको टिमुरे बजार

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

सम्बन्धित दस्तावेजहरू

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८३
Link : https://ndrrma.gov.np/np/plan/246
https://ndrrma.gov.np/np/plan/247

महत्वपूर्ण लिङ्कहरू

- https://bipadportal.gov.np
- http://www.drrportal.gov.np
- https://vms.ndrrma.gov.np
- https://www.dhm.gov.np

विपद्का सूचना र सन्देशका लागि

www.facebook.com/NDRRMA
www.twitter.com/NDRRMA_Nepal
www.youtube.com/c/NDRRMA
विपद् सूचना (NDRRMA)
www.instagram.com/ndrrma_official
ndrrma_nepal

मिति २०८३ कार्तिक २० गते